
मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २६२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज २४ गते शुक्रबार ❑ 10 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## 'प्रतिनिधिसभा पुन:स्थापनाका पक्षमा एमाले'

**रासस**
काठमाडौं, २३ असोज

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभाको पुनःस्थापना हुनुपर्ने धारणा व्यक्त गर्नुभएको छ।

एमालेको भक्तपुर जिल्ला कमिटीद्वारा बिहीबार गुण्डुमा आयोजित कार्यक्रममा अध्यक्ष ओलीले प्रतिनिधिसभा पुनःस्थापनाका पक्षमा आफ्नो पार्टी रहेको र त्यसमा नेपाली कांग्रेस पनि सहमत हुने विश्वास व्यक्त गर्नुभयो।

सम्बोधनका क्रममा अध्यक्ष ओलीले सरकारले निर्वाचन गराउने हो भने राजनीतिक दलहरूको विश्वास जितेर निर्वाचन प्रक्रियामा सबैलाई सहभागी गराउनुपर्ने बताउनुभयो । "यतिबेला राष्ट्रलाई एकता र स्थिरता चाहिएको छ।

लोकतान्त्रिक शक्तिहरू एक ठाउँमा आएर शान्ति सुव्यवस्था कायम गर्दै देशलाई समृद्ध बनाउनुपर्छ", उहाँले भन्नुभयो, "सरकारले यसका लागि सकारात्मक र अनुकूल वातावरण निर्माण गर्नुपर्छ।"

कार्यक्रममा एमालेका महासचिव शङ्कर पोखरेलले मुलुकमा समस्या उत्पन्न भएका बेला देशभित्रै एकता र सहमतिको वातावरण निर्माण गर्नुपर्नेमा पार्टीभित्र विवाद सिर्जना गर्न नहुने धारणा राख्नुभयो । कार्यक्रममा एमालेका बागमती प्रदेश कमिटीका इञ्चार्ज डा राजन भट्टराई, पोलिटब्यूरो सदस्य महेश बस्नेतलगायतले लोकतन्त्र र मुलुकको रक्षाका लागि एमालेलाई एकताबद्ध र बलियो शक्ति बनाउनुपर्ने बताउनुभएको थियो।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन र प्रतिनिधिसभाको विघटन भई आगामी फागुन २१ गते निर्धारित निर्वाचनको मिति घोषणा भएको थियो।

## आयोगले प्रहरीलाई फिर्ता पठायो जाहेरी

**रासस**
काठमाडौं, २३ असोज

पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री एवं नेपाली कांग्रेसका नेता रमेश लेखकविरुद्धको जाहेरी बिहीबारप्रहरीमै फिर्ता पठाइएको जेनजी आन्दोलनको घटना जाँचबुझ आयोगले जानकारी गराएको छ।

गत भदौ २३ र २४ को जेनजी आन्दोलनको घटना जाँचबुझ गर्न सरकारद्वारा गठित आयोगका सदस्य एवं प्रवक्ता विज्ञानराज शर्माले उक्त जाहेरी आयोगको कार्यक्षेत्रमा नपरेकाले जिल्ला प्रहरी परिसर काठमाडौँमै फिर्ता गरिएको जानकारी दिनुभयो।

यसअघि जिल्ला प्रहरी परिसर काठमाडौँमा परेको उक्त जाहेरी प्रहरीले दर्ता नगरी आयोगमा पठाएको थियो।

बिहीबार आयोगले एक विज्ञप्ति जारी गरी फौजदारी वारदातमा विस्तृत अनुसन्धान तहकिकात गरी कसुरदार देखिने अवस्थामा अभियोजन समेत लगाउने कार्य यस आयोगको कार्यक्षेत्रभित्र नपरेको जनाएको छ । आयोगलाई उक्त घटनाको भौतिक एवं मानवीय क्षतिको यथार्थ छानबिन गर्ने, घटना घट्नुको कारणका सम्बन्धमा यथार्थ जाँचबुझ गरी सो को यकिन राय सुझाव दिनेसहितको प्रतिवेदन पेस गर्ने र ौतिक एवं मानवीय क्षतिसँग सम्बन्धित सूचना वा निवेदन ग्रहण गरी विश्लेषण गर्ने तथा कारबाहीसम्बन्धमा आवश्यक रायदिने कार्यादेश आयोगले पाएको जारी विज्ञप्तिमा उल्लेख छ।

आयोगले फौजदारी वारदातमा अनुसन्धान कार्य गर्न आयोगको प्रतिवेदन कुर्नु नपर्ने पनि स्पष्ट पारेको छ।

## मालपोतको स्रेस्ता कायम गराउने सूचना अव्यहारिक: पोखरा उद्योग वाणिज्य संघ

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज

पोखरा उद्योग वाणिज्य सङ्घले जग्गाको स्रेस्ता कायम गर्नका लागि भन्दै जिल्ला मालपोत कार्यालय कास्कीले बुधबार जारी गरेको सूचना अव्यवहारिक भएको भन्दै त्यसलाई सच्याउन आग्रह गरेको छ।



संघका अध्यक्ष गोकर्ण कार्कीको नेतृत्वको प्रतिनिधिमण्डलले आज मालपोत कार्यालय कास्कीका निमित्त प्रमुख शोभाखर पौडललाई ज्ञापनपत्र बुझाउँदै उक्त आग्रह गरेको हो। मालपोत कार्यालय कास्कीले जग्गाधनीले आफ्नो जग्गाको दर्ता स्रेस्ता पुनःकायम गर्नका लागि विभिन्न ११ प्रकारका कागजातसहित उपस्थितिका लागि सार्वजनिक सूचना जारी गरेको थियो। सूचनामा जग्गा रहेको स्थानीय तहबाट भोगसम्बन्धी किटानी सिफारिस, स्थायी ठेगाना भएको स्थानीय तहको जग्गाधनीको तीनपुस्ते खुलेको फोटो टाँससहितको किटानी सिफारिस, स्थलगत सर्जमिन मुचुल्का, नागरिकताको प्रमाणपत्र, जग्गाधनीसँग भएको सक्कल पुर्जा, पारित लिखत (जग्गा खरिद बिक्री वा बकसपत्र आदि) पेस गर्नुपर्ने जनाइएको छ। त्यस्तै जग्गा रोक्का भएमा रोक्का राख्ने निकायको सहमतिपत्र, चालु आर्थिक वर्षमा मालपोत बुझाएको रसिद, प्लष्ट रजिष्टर, फिल्डबुक र नक्सा, ३५ दिने सार्वजनिक सूचना र गुठी जग्गाको हकमा गुठी संस्थानको सहमतिपत्र पनि पेस गर्नुपर्ने सूचनामा उल्लेख छ।

सूचनाले सर्वसाधारणमा त्रास सिर्जना भएको तथा उल्लेखित कागजात र प्रमाण माग्नु अव्यावहारिक भएको भन्दै सङ्घका अध्यक्ष कार्कीद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा सरोकारवालालाई झन्झटिलो तथा अव्यावहारिक देखिएको सो व्यवस्थाको सट्टा गलत व्यक्तिले दुरुपयोग गर्न नमिल्ने गरी न्यूनतम् आधिकारिक प्रमाणहरुको आधारमा श्रेस्ता कायम गर्न माग गरिएको छ।

प्रतिनिधिमण्डले ज्ञापनपत्रको बोधार्थ कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मालाई पनि हस्तान्तरण गरी सहजीकरणका लागि आग्रह गरिएको महासचिव शोभा गौतमले जानकारी दिनुभयो। ि ज ल ल ा मालपोत कार्यालय जलेको अवस्थामा रहेको भन्दै झण्डै तीन लाख सेवाग्राहीको लालपुर्जा तत्काल बनाउन सम्भवसमेत नरहेको उक्त क्रममा जानकारी गराइएको थियो । यसअघिको व्यवस्थाअनुरुप नै सूचना जारी भएको र लालपुर्जाको सक्कल प्रति हुनेको हकमा कुनै चिन्ता मान्नु नपर्ने र त्यो ३५ दिनभित्र नै कार्यालय आउनुपर्छ भन्ने पनि नरहेको निमित्त प्रमुख पौडेलले जानकारी गराउनुभयो।

कार्यालयले बिहीबार नै अर्को सूचना जारी गर्दै अहिले मालपोत कार्यालय कास्कीमा भौतिक पूर्वाधार जलेको अवस्थामा रहेको तथा तत्काल सेवा प्रवाह गर्ने अवस्था नरहेकाले अर्को सूचना जारी नभएसम्म सबै प्रकारका सेवा प्रदान गर्न नसकिने जानकारी गराएको छ।

## राष्ट्रपति पौडेलसमक्ष निर्वाचनसम्बन्धमा जानकारी

**रासस**
काठमाडौं, २३ असोज


राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष निर्वाचन आयोगले आगामी फागुन २१ गने हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारीबारे जानकरी गराएको छ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डार ीसहितको प्रतिनिधि मण्डलले बिहीबार राष्ट्रपति पौडेलसँग भेट गरी निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित र शान्तिपूर्ण बनाउन गर्नुपर्ने भावी कार्यक्रमको सम्बन्धमा जानकारी गराउनुभएको हो। त्यस अवसरमा राष्ट्रपतिलाई आयोगको तर्फबाट प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गर्न आयोगलाई आवश्यक पर्ने स्रोतसाधन र जनशक्तिको सम्बन्धमा प्रधानमन्त्री सुशीला कार्की तथा सम्बन्धित विभागीय मन्त्रीसँग छलफल गरिएको जानकारी गराइएको थियो । साथै मितव्ययी रूपमा निर्वाचन सम्पन्न गर्न आवश्यक स्रोतसाधन र जनशक्ति प्राप्त हुने तथा निर्वाचनमा भरपर्दो सुरक्षा व्यवस्था मिलाइने सुनिश्चितता सरकारको तर्फबाट प्राप्त भएको पनि उल्लेख गरिएको थियो । निर्वाचनको पूर्वतयारीका लागि आयोगका आन्तरिक प्रशासनीक विषयलाई समेटेर तयार गरिएको कार्ययोजना बमोजिमका कार्यहरू योजनाबद्ध रूपमा सम्पादन गरिरहेको आयोगको भनाइ थियो।

निकट भविष्यमा राजनीतिक दल तथा सरोकारवालासँग छलफल गर्ने कार्यक्रम तय गरेको, संशोधित मतदाता नामावली ऐन, २०७३ बमोजिम मतदाता नामावलीमा नाम दर्ताको काम सञ्चालन रहेको लगायतका विषय जानकारी गराइएको थियो। उक्त अवसरमा राष्ट्रपतिबाट आयोगलाई निर्वाचनमा सबै नागरिकको सहभागिता हुने


बाँकी अन्तिम पृष्ठमा ▶▶







## पोखरा सडक महोत्सवका लागि संयोजक चयन

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज

रेस्टुरेन्ट एण्ड बार एशोसियसन (रेवान) पोखराको कार्यसमिति बैठकले आगामी २७औँ पोखरा सडक महोत्सवका लागि संयोजक मण्डल र स्टेरिङ कमिटी गठन गरेको छ।



समितिको बिहीबार बसेको बैठकले आगामी पुस १३ देखि १७ गतेसम्म पोखराको लेकसाइडमा आयोजना हुने महोत्सवको संयोजकमा प्रथम उपाध्यक्ष वसन्त गौतमलाई मनोनित गरेको छ । त्यस्तै कार्यसमिति सदस्य सुनिलबहादुर भट्टराई र सुमन भट्टराईलाई सह-संयोजकका रूपमा जिम्मेवारी दिइएको छ।

म ह ा े त स व क ा े स्टेरिङ कमिटीमा अध्यक्ष विश्वराज पौडेल, निवर्तमान अध्यक्ष नरेश भट्टराई, संयोजक वसन्त गौतम, द्वितीय उपाध्यक्ष विकास भट्टराई, महासचिव विरेन्द्र शेरचन र कोषाध्यक्ष रोशनजङ्ग कार्की गरी छ सदस्यीय समिति गठन गरिएको छ। रेवान पोखराले विगत २६ वर्षदेखि अङ्ग्रेजी नयाँ वर्षको अवसरमा पोखराको लेकसाइड क्षेत्रमा 'सडकमै खाऔँ, सडकमै नाचौँ, सडकमै रमाऔँ' भन्ने मूल नाराका साथ सडक महोत्सव आयोजना गर्दै आएको छ। करिब तीन किलोमिटर क्षेत्रफलमा फैलिएको लेकसाइड क्षेत्रमा आयोजना हुने यो महोत्सवले पोखरालाई अङ्ग्रेजी नयाँ वर्ष मनाउने प्रमुख गन्तव्य स्थलका रूपमा स्थापित गरेको छ।

महोत्सवको उद्देश्य कला-संस्कृति प्रवर्द्धन, स्थानीय उत्पादनको बजार विस्तार, व्यापार अभिवृद्धि, ब्रान्डिङ तथा लोपोन्मुख सामग्रीको संरक्षण र प्रदर्शनका लागि साझा मञ्च उपलब्ध गराउनु रहेको रेवानले जनाएको छ। संयोजक गौतमका अनुसार यस वर्षको महोत्सवलाई अझ आकर्षक र सहभागिता बढाउन विभिन्न सरोकारवालाको सुझाव र सल्लाह समेटिनेछ। "परिवर्तित समयका अपेक्षाअनुसार महोत्सवको स्वरूपलाई नवीकरण गर्दै पोखराको पर्यटन र स्थानीय अर्थतन्त्रलाई थप गतिशील बनाउने लक्ष्य राखिएको छ", गौतमले भन्नुभयो।

रेवानका अनुसार सडक महोत्सवले स्थानीय आर्थिक गतिविधि प्रवर्द्धन, विदेशी मुद्रा आर्जन र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । निरन्तर २६ वर्षदेखि आयोजना हुँदै आएको यस महोत्सवले अब नेपाली मात्र नभई विदेशी पर्यटकलाई पनि नयाँ वर्ष पोखरामै मनाउने आकर्षक वातावरण सिर्जना गर्न सफल भएको आयोजकको भनाइ छ।

# पर्यटनको विकास र सुरक्षाका लागि होटल संघले बनायो उपसमिति

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज

पर्यटन क्षेत्रको विकास र सुरक्षालाई ख्याल गर्दै होटल संघ पोखरा नेपालले पर्यटकीय लेकसाइड र ड्यासाइट क्षेत्रका विभिन्न सडक, सहायक सडक र टोलहरुलाई लक्षित गरी संयोजकहरु तोकेको छ ।



विभिन्न २८ वटा स्ट्रिट र छ वटा टोलहरुलाई लक्षित गरी तोकिएका संयोजकहरुले स्थानीय व्यवसायी र टोलवासीसँग छलफल गरी सदस्यहरु तोकेर उपसमिति बनाउने छन् । उल्लेखित स्ट्रिट बाहेक ड्यामसाइड, खहरेचोक, गैह्राचौतारा, हल्लनचोक, जरेबर र ठाडोपसल क्षेत्रमा समेत यस्ता संयोजक तोकिएको हो । संघको कार्यालय डिहिको पाटनमा हालै आयोजित व्यवसायीको भेलाले उल्लेखित संयोजकहरु तोकेको संघले जनाएको छ ।

जेन-जी विद्रोहपछि प्रभावित हुन पुगेको पर्यटन क्षेत्रलाई पुरानै लयमा फर्काउने, पर्यटक र व्यवसायी तथा टोलबासीको सुरक्षाको लागि संयोजकहरु तोकेर अगाडि बढिएको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए । ‘

पर्यटन क्षेत्रमा चोरीका घटनापनि फाट्टफुट्ट देखिन थाले,’ ‘अध्यक्ष सुवेदीले भने, हाम्रो अभियान कसैप्रति लक्षित भन्दा पनि व्यवसायीको हकहित, पर्यटनको विकास र पर्यटकको सुरक्षासँग सम्वन्धित छ ।’ व्यवसायीलाई जागरुक बनाउने र पर्यटकलाई गुणस्तरीय सेवा दिन समेत आफूहरु एकजुट भएको अध्यक्ष सुवेदीले बताए ।

सबै होटल र टोलका सीसीटीभी क्यामेरा चालु अवस्थामा राख्ने, विग्रेका क्यामेरा र प्रणालीको मर्मत गर्ने, सुरक्षाकर्मीको आत्मबल बढाउन मद्दत गर्ने, सुरक्षाका लागि सहकार्य गरेर अगाडि बढ्ने, सडक वत्तीको मर्मतसंभार गर्ने र खाल्डाखुल्डी परेका सडकलाई मर्मत गर्न समेत तोकिएका संयोजक र उपसमितिले सघाउने संघले जनाएको छ ।



आँखाका बिरामी पालो कुर्दैः नेपाल नेत्रज्योति संघ कास्कीद्वारा पोखरा-१७ घारीपाटनमा सञ्चालित हिमालय आँखा अस्पतालमा बिहीबार आँखा परीक्षण गर्न आएका बिरामी पालो कुर्दै । पछिल्लो समय आँखाप्रति सचेतना बढेसँगै अस्पतालमा बिरामीको भीड लाग्ने गरेको छ । तस्बिरः हरिप्रसाद बास्तोला/रासस

# प्रहरीको सक्रियता १४ जना पक्राउ, ३ ट्याक्टर नियन्त्रणमा

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २३ असोज

जिल्ला प्रहरी कार्यालय स्याङ्जा र मातहतका कार्यालयहरुले एकसाता भित्र विभिन्न क्रियाकलापमा संलग्न १४ जनालाई पक्राउ गरेको छ भने अबैध नदीजन्य पदार्थ ओसार पसार गरेको आरोपमा ३ ट्याक्टर नियन्त्रणमा लिएको छ ।



प्रहरीले अदालतबाट कैद सजाय र जरिवाना तोकि फरार रहेका कसुरदार देखी ज्यान मार्ने उद्योग, चोरीमा संलग्नगरी १४ जनालाई पक्राउ गरेको हो । त्यस्तै अबैध रुपले नदीजन्य पदार्थ उत्खनन् गरी ओसारपसार गरेको अभियोगमा प्रहरीले विभिन्न ठाउँबाट ३ ट्याक्टर नियन्त्रणमा लिएर आवश्यक कारवाहीका लागि सम्वन्धित निकायमा बुझाएको छ ।

प्रहरीले भदौं २३ र २४ गते जेन जीले गरेको आन्दोलनको फाइदा उठाउदै कारागारबाट भागेका २ जना र बिभिन्न मुद्धामा अदालतले कसुरदार ठहर गरी सजाय सुनाइएका ९ जना फरार अभियुक्तलाई पक्राउगर्न सफल भएको छ । जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक प्रशन्नराज चौधरीले एकसाता भित्र जारी गरेको प्रेस विज्ञप्तीमा प्रहरीको बिशेषटोलीले फरारको सुचिमा रहेका कसुरदारहरु पक्राउ गरेको उल्लेख गरेका छन् । जेन जीको आन्दोलनको फाइदा उठाउदै केन्द्रीय कारागारबाट भागेका वालिङ ९ का ३५ बर्षिय मदन माझी र बालगृहबाट भागेका बिरुवा गाउँपालिका ६ बस्ने ११ बर्षिय नाबालकलाई घरमै बसिरहेको अवस्थामा प्रहरीको बिशेष टोलीले पक्राउ गरेको जनाएको छ । दुवैजना जवर जस्ती करणीको मुद्धामा कारागार चलान भएका थिए । त्यसैगरी विभिन्न अदालतबाट फैसला भइ फरार रहेका १० जनालाई पक्राउ गरी जिल्ला कारागार स्याङ्जा बुझाएको जनाएको छ । ९ जना एकैदिन विभिन्न ठाउँबाट पक्राउ परेका थिए । बिरुवा गाउँपालिका ८ बस्ने २५ बर्षिय विवेक राना, सोही गाउँपालिका ५ का अशोक कुमार भण्डारी, गल्याङ नगरपालिका ९ का नरेश बहादुर राना, पुतलीबजार नगरपालिका १३ का छविकुमारी पौडेल, साविक पेल्काचौर ६ का रनबहादुर भन्ने रामबहादुर गुरुङ्, पुतलीबजार ११ का लली तिवारी, गल्याङ नगरपालिका ३ का लालबहादुर कामी, सोही ठाउँका लाल बहादुर सुनार पक्राउ परेको प्रहरी नायव उपरीक्षक चौधरीले जानकारी दिए । पक्राउ पर्ने अभियुक्तहरु विभिन्न मुद्धामा अदालतले जरिवाना र कैद सजाय सुनाएका कसुरदारहरु हुन् । यसैगरी बैदेशिक रोजगार सम्वन्धी मुद्धामा फरार रहेका गल्याङ नगरपालिका ५ बस्ने श्यामबहादुर थापा समेत पक्राउ परेका छन् । जिल्ला अदालतले ४ दिन कैद सजाय र ११ लाख ५० हजार जरिवाना तोकिएका थापालाई प्रहरीको बिशेष टोलीले पक्राउ गरेको हो । प्रहरीले चोरीको आरोपमा फेदिखोला ३ की २८ बर्षिय प्रतिमा सुवेदीलाई पक्राउ गरेको जनाएको छ । फेदिखोला गाउँपालिका ५ बागे स्थित उषा शर्माको घरबाट ३ दशमलव ५ तोलाको लकेट सहित सुनको सिक्री १ र २ तोलाको सुनको बेरुवा औठी चोरी गरेको आरोपमा प्रहरीले सुवेदीलाई पक्राउ गरेको हो । फेदिखोला ३ घर भई कास्की पोखरा महानगरपालिका १७ बिरौटा बस्दै आएकी २८ बर्षिय सुवेदीलाई प्रहरीले पक्राउ गरी चोरी सम्वन्धी मुद्धामा अनुसन्धान गरिरहेको जनाएको छ ।

वालिङ १४ का सुर्वण लुईटेललाई धारिलो हतियार प्रयोग गरी घाइते बनाएको आरोपमा प्रहरीले भीरकोट २ का २९ बर्षिय अनिल गुरुङ्लाई पक्राउ गरेको छ । भीरकोट नगरपालिका १ प्रगतिटोलमा गुरुङ्ले धारिलो हतियार प्रयोग गरी लुईटेलको टाउको, घाटी लगायत सम्बेदनशिल अंगमा प्रहारगरी घाइते बनाएका थिए । गुरुङ्लाई ज्यान मार्ने उद्योग कसुरमा मुद्धा दर्ता गरी कानुनी प्रक्रिया अगाडी बढाइएको प्रहरीले जनाएको छ । धारिलो हतियार प्रहारबाट घाइते लुईटेलको पोखरास्थित चरक मेमोरियल अस्पतालमा उपचार भइरहेको र खतरामुक्त अवस्थामा रहेको प्रहरीले जनाएको छ ।

प्रहरीले नदिजन्य पदार्थ उत्खनन् तथा ओसार पसार गरेको आरोपमा ३ ट्याक्टर नियन्त्रणमा लिएको छ । वालिङबाट १ र चापाकोट नगरपालिकाबाट २ गरी ३ ट्याक्टरलाई प्रहरीले अबैध नदीजन्य पदार्थ ओसार पसार गरेको आरोपमा नियन्त्रणमा लिएको हो । १० गाहाखोला स्थित आँधीखोला किनारबाट ग १ त ६११० नम्बरको ट्याक्टरले बालुवा लोड गरी लैजादै गरेको अवस्थामा नियन्त्रणमा लिएर आवश्यक कारवाहीका लागि वालिङ नगरपालिकालाई बुझाएको प्रहरीले जनाएको छ ।

यसैगरी चापाकोट ७ बनकट्टा घाटबाट अबैध बालुवा लोड गरिरहेको अवस्थामा लु ४ त १८६४ र लु ४ त ९७२४ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएर आवश्यक कारवाहीको चापाकोट नगरपालिकालाई बुझाएको प्रहरीले जनाएको छ । स्याङ्जा प्रहरीले अबैध क्रियाकलापमा संलग्न गर्ने क्रियाकलाप चाडवाडका बेला बढ्न सक्ने भन्दै सक्रियता बढाएको छ ।

# नेपाल साफ यु-१७ प्रतियोगिताको सेमिफाइनलबाट बाहिरियो

**रासस**
काठमाडौं, २३ असोज

साफ यु-१७ च्याम्पियनसिप फुटबल प्रतियोगितामा नेपाल भारतसँग पराजित भएपछि प्रतियोगिताको सेमिफाइनलबाटै बाहिरिएको छ ।

श्रीलङ्काको कोलम्बो रेसकोर्समा शुक्रबार सम्पन्न दोस्रो सेमिफाइनल खेलमा साविक विजेता भारतसँग नेपाल ३-० गोलले पराजित हुँदै अन्तिम चारबाट बाहिरिएको हो । जितसँगै भारत भने साफ यु-१७ च्याम्पियनसिपको फाइनलमा प्रवेश गरेको छ ।

भारतका लागि गुनलेइबा वाङखेरियाक्पाम, अजलान शाह र डायमन्ड सिंह थोकचोमले समान एक-एक गोल गरे । सबै गोल दोस्रो हाफमा सम्भव भएका हुन् । गुनलेइबाले खेलको ६१औं मिनेटमा गोल गरे भने अजलानले खेलको ८०औं मिनेटमा गोल गरे । त्यस्तै खेलको दोस्रो हाफको अत्तिरिक्त समयमा भारतका अर्का खेलाडी डायमन्डले एक गोल थपे ।

नेपाल समूह ‘ए’को उपविजेता तथा भारत समूह ‘बी’को विजेताका रूपमा सेमिफाइनल प्रवेश गरेको हो ।

# चन्दा उठाएर म्याग्दी र कास्की सडक सञ्जालमा जोडियो

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज

स्थानीयले चन्दा सङ्कलन गरी म्याग्दी र कास्कीलाई सडक सञ्जालमा जोडेका छन् ।

अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काका अनुसार स्थानीयले चन्दा सङ्कलन गरेर घोडेपानी-नागेठाँटी-वनठाँटी खण्डमा दुई किलोमिटर ट्र्याक निर्माण गरेपछि दुई वटा जिल्ला सडक सञ्जालमा जोडिएका हुन् । “पोखरेबगरदेखि तल्लो घोडेपानी र कास्कीको नयाँपुलदेखि उल्लेरी हुँदै वनठाँटीसम्म यअघिनै सडक निर्माण भएर यातायात सञ्चालन हुँदै आएको थियो”, उहाँले भन्नुभयो, “प्रदेश राजधानी र प्रमुख पर्यटकीय गन्तव्य मुस्ताङ जोड्न यो छोटो बाटो भएकाले उल्लेरी, शिख, घार र घोडेपानीका बासिन्दाले चन्दा सङ्कलन गरेर ट्र्याक खोलेका हुन् ।” मध्यपहाडी लोकमार्गको नयाँपुलदेखि कालीगण्डकी कोरिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडकमा पर्ने पोखरेबगर जोड्ने यो सडक ४० किलोमिटर छ ।

# कांग्रेस केन्द्रीय पदाधिकारी बैठक शुक्रबार पुनःबस्ने

**रासस**
काठमाडौं, २३ असोज

बिहीबारदेखि सुरु भएको नेपाली कांग्रेसको केन्द्रीय पदाधिकारी बैठक शुक्रबार दिउँसो १ बजे पुनःबस्ने भएको छ । पार्टी उपसभापति पूर्णबहादुर खड्काको सभापतित्वमा बसेको आजको बैठकमा पदाधिकारीहरुले धारणा राख्ने क्रम नसकिएकाले भोलि पुनः बस्ने गरी स्थगित भएको प्रवक्ता डा प्रकाशशरण महतले जानकारी गराउनुभयो ।

“वर्तमान परिवेशमा भएको घटनाक्रमले खडा गरेको राजनीतिक चुनौती र पार्टीप्रतिको चुनौतीलाई जोगाउँदै देशलाई जोगाउने विषयमा छलफल जारी छ, पार्टीलाई विशेष परिवेशमा कसरी अगाडि बढाउने भनेर छलफल भइरहेको छ”, उहाँले भन्नुभयो, “पदाधिकारी बोल्ने क्रम भोलि पनि जारी रहनेछ, समयमा नियमित अधिवेशन हुनुपर्छ भन्ने कुरा आएको छ, मङ्सिरभित्रै सम्पूर्ण विधि प्रक्रिया पूरा गर्न सकिन्छ कि सकिँदैन भनेर छलफल भएको छ”, उहाँले भन्नुभयो । डा महतले गत भदौ २४ गतेको जेनजी आन्दोलनमा व्यक्तिका निजी सम्पत्ति, नेता तथा व्यवसायी, राष्ट्रिय सम्पत्तिमाथि आगजनी गर्नेलाई कारबाहीमा ल्याउनुपर्छ भन्ने कांग्रेसको धारणा बताउनुभयो ।

# राष्ट्रपति ...

वातावरण तयार गर्न, राजनीतिक दल तथा सरोकारवालाहरूसँग तत्काल छलफल अघि बढाउन र तोकिएको समयमा निर्वाचन सम्पन्न गर्ने कार्यको सुनिश्चितताका लागि कार्यतालिका बमोजिमका कार्यहरू समयमै सम्पन्न गर्न निर्देशन भएको निर्वाचन आयोगले जनाएको छ । निर्वाचन आयोगले स्वीकृत गरेको कार्ययोजना बमोजिम आगामी दिनमा सम्पन्न गर्नुपर्ने निर्वाचन आचारसंहिता निर्धारण तथा कार्यान्वयन, उम्मेदवारको मनोनयन दर्ता, सो उपर छानबिन, उम्मेदवारको अन्तिम नामावली प्रकाशन, मतदानलगायत निर्वाचन कार्यक्रम राजनीतिक दल र सरोकारवालाहरूसँगको परामर्शमा तयार गरिने जानकारी गराएको छ भने निर्वाचनको पूर्वतयारीका सबै कार्यक्रम समयमा नै सम्पन्न हुने विश्वास दिलाएको छ ।




# बेलायतबाट साइकल यात्रामा पोखरा आएको जोडीलाई पोखरामा स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज

बेलायतबाट साइकल यात्रामा पोखरा आएको जोडीलाई पोखरामा सम्मान गरेको छ ।

सात महिना सात दिनमा २० देश पार गर्दै करिब १४ हजार किलोमिटरको दूरी पूरा गरी पोखरा आइपुगेका हुन् ।

५१ वर्षीय थोस्टर ब्रुस र उनकी श्रीमती डा.एमा ब्रुस मंगलबार पोखरा आइपुगेका थिए । उनीहरूलाई पोखराका पर्यटन व्यवसायीले स्वागत गरेका हुन् । उनीहरुलाई पोखरा पर्यटन भ्रमर्ण वर्षका संयोजक गोपी भट्टराई, पोखरा पर्यटन परिषद् का अध्यक्ष तारानाथ पहारी, पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनहर कडरिया लगाएतले अबिर खादाले स्वागत गरे ।



य स अ ि घ नेपाल आइसकेका ब्रुस दम्पती यसपटक साइकल यात्रा गर्दै नेपाल आएका हुन् । नेपाल प्रकृति, संस्कृतिले धनी रहेको भन्दै साइकल यात्रीले नेपालको पर्यटन प्रर्वधनमा टेवा पुग्ने संयोजक भट्टराईले बताए ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। – गौतम बुद्ध

## सम्पादकीय

# जेलबाट कैदी बन्दी भाग्दा सुरक्षा चुनौती

जेनजी प्रदर्शनको नाममा मच्चाइएको विध्वंशको क्रममा कारागारबाट भागेका पाँच हजार बढी कैदीबन्दी अझै बाहिर रहेका छन् । भदौ २३ को हिंसात्मक र २४ गतेको ध्वंशात्मक घटनाको मौका छोपेर मुलुकभरका २८ वटा कारागारबाट फरार भएका पाँच हजार ७९ जना अहिलेसम्म फर्किएका छैनन् । सहकारी ठगी प्रकरणका अभियुक्त राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने नक्कली कागज बनाएर नख्खु कारागारबाट फुत्किएपछि देशभरका जेलबाट साढे १४ हजार कैदीबन्दी भागेका थिए । 'रविलाई छोड्ने,हामीलाई किन नछोड्ने' भन्दै नाराबाजी गरेका उनीहरुलाई सुरक्षाकर्मीले रोक्ने प्रयास गरेकोमा तोडफोड र आगजनी गरेर भागेका थिए ।

कारागार व्यवस्थापन विभागका अनुसार देशभर २९ हजार २२४ जना कैदीबन्दी रहेकोमा १३ हजार ५८९ जना भागेका थिए । झुम्का, सोलु, सप्तरी, महोत्तरी, रौतहट, सिन्धुली, नख्खु, जगन्नाथदेवल, डिल्लीबजार, मकवानपुर, रसुवा, चितवन, तनहुँ, कास्की, पर्वत, म्याग्दी, कपिलवस्तु, तुलसीपुर, नौबस्ता, रुकुमपश्चिम, नवलपरासी, जुम्ला, बझाङ, कैलाली, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर कारागारबाट कैदीबन्दी फरार भएको विभागले जनाएको छ । जसमध्ये आठ हजार ५१० जना फर्किसकेका छन् भने बाँकीको खोजी जारी छ। केहीलाई पक्राउ गरिएकोमा अधिकांश भने स्वतःस्फूर्त रुपमा फर्किएको विभागको भनाइ छ। भाग्ने क्रममा झडप हुँदा र प्रहरीको गोली लाग्दा रामेछाप कारागारमा तीन र धादिङ कारागारमा दुई जनाको निधन भएको छ ।

त्यसैगरी, बालसुधार गृहबाट भागेकाहरु पनि धमाधम फर्किरहेका छन् । आठ वटा बालसुधार गृहबाट ९६३ जना फरार भएका थिए। जसमा मोरङबाट २०४, पर्साबाट ६९, भक्तपुरबाट २६६, मकवानपुरबाट ७२, कास्कीबाट १०९, जयण्डुबाट ११५, नौबस्ताबाट ७८ र डोटीबाट ५२ जना रहेका छन् । तीमध्ये ३४५ जना फिर्ता भएका छन् भने ६१८ जना अझै बाहिर छन् । बालसुधार गृहमा झडप हुँदा पाँच जनाको ज्यान गएको छ ।

विभाग र प्रहरी कार्यालयहरुले सूचना जारी गरेर कैदीबन्दीहरुलाई कारागार फर्किन भनेको छ । अन्यथा, कानुनबमोजिम कारबाही गर्ने चेतावनी दिइएको छ । जेलबाट कैदी बन्दी फरार भएको र प्रहरीको हतियार र गोलीगठ्ठा लगेको कारण सुरक्षा चुनौती खडा भएको छाजेलबाट भागेकाले फेरि अपराधमा संलग्न रहेको भेटिएको छ । चुनावमा जान दलहरू तयार नदेखिनु पनि यही कारण हो । आन्दोलनमा प्रहरीको पोशाक, हतियार सहित घुसेर गोली चलाएमा को जिम्मेवार हुने भन्ने अहं प्रश्न खडा भएको छ । अन्तरिम सरकारले देशमा शान्तिसुरक्षा कायम गराउन नसकेको आरोप लागेको छाप्रहरीहरु आआफ्नो चौकीमा बस्ने अवस्था नबनेसम्म सुरक्षा छ भनेर जनताले पत्याउँदैनन् । विदेशमा समेत कैदीवन्दी भागेर समुदायमा भयको वातावरण बनिरहेको छासमाजलाई भय रहित वातावरणमा आफ्ना गतिविधि बढाउन पाउने समाज अहिलेको आवश्यकता हो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नेपालसँग कुवेत पराजित

**रासस**
काठमाडौं, २३ असोज

आइसिसी टी ट्वान्टी विश्वकप एसिया तथा इस्ट एसिया प्यासिफिक छनोट खेलमा नेपाल विजयी भएको छ।

ओमानको अल अमेरतस्थित ओमान क्रिकेट एकेडेमी–१ मा आज सम्पन्न समूह 'बी'को पहिलो खेलमा नेपाल कुवेतलाई ५८ रनले पराजित गर्दै विजयी भएको हो।

नेपालले प्रस्तुत गरेको १४२ रनको प्रतिस्पर्धात्मक लक्ष्य पछाएको कुवेत १८ दशमलव एक ओभरमा सबै 'विकेट' गुमाउँदै ८३ रनमा समेटियो । कुवेतका लागि 'ओपनर' क्लिन्टो आन्टोले २६ तथा यासिन पटेलले १९ रन जोडे ।

बलिङतर्फ नेपालका सन्दीप लामिछाने, ललितनारायण राजवंशी र रोहित पौडेलले समान दुई -दुई विकेट लिए भने कुशल भुर्तेल, सोमपाल कामी र नन्दन यादवले समान एक-एक विकेट लिए।

त्यसअघि टस हारेर पहिला 'ब्याटिङ'को निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १४१ रन बनायो । नेपालका लागि भुर्तेलले सर्वाधिक ६६ रनको योगदान दिए। उनले ५६ बलमा तीन छक्का र तीन चौकासहित ६६ रन बनाए। यस्तै, गुल्सन झा र दीपेन्द्रसिंह ऐरीले समान २०/२० रन बनाए भने कप्तान रोहित पौडेलले १६ बनाए।

कुवेतका लागि नवीनराज राजेन्द्रन र अनुदीप चन्दामाराले समान दुई-दुई विकेट लिए । मोहम्मद आकिफ फरुकले एक विकेट लिए। अब नेपालले समूह चरणको अर्को खेल शुक्रबार जापानसँग खेल्नेछ।

# सल्यानको थाप्लेलाई हनुमत धामको रुपमा विकास गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज



कास्कीको अन्नपूर्ण गाउँपालिका-४ स्थित थाप्लेमा हनुमतधाम निर्माण गर्न तयारी गरिएको छ।

प्राचीनकालदेखि सल्यान र आसपासका सर्वसाधारणले श्रद्धाभक्तिपूर्वक पूजाआजा गर्दै आइएको थाप्लेको भूमे मन्दिरसँगै हनुमतधाम निर्माण गर्ने तयारी गरिएको हो । आज बुधबार उक्त स्थानमाको भूमे मन्दिर दर्शन र हनुमतधाम निर्माणमा प्रतिवद्धता जनाउन महायोगी सिद्धवावा सहितको टोली उक्त स्थानामा पुगेको थियो।

सो अवसरमा आफ्ना भनाइ राख्दै उहाँले धर्म, संस्कृति र संस्कारले मानिसलाई सभ्य नागरिक बन्न सहयोग पुग्ने विश्वास व्यक्त गर्दै उक्त स्थान परापूर्व कालदेखि नै पवित्र ठाउँको रुपमा रहेको बताउनुभयो। अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्वणु बहादुर क्षेत्रीले यस स्थानलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सक्यौ भने यस क्षेत्रका मानिसको समृद्धि र विकासका लागि हनुमतधाम महत्वपूर्ण बन्ने विश्वास व्यक्त गर्दै यसका लागि सबैको साथ र सहयोग आवश्यक हुनेमा जोड दिनुभयो। धाम निर्माणमा गाउँपालिकाका दश रोपनी जमिा दिने निर्णय समेत गरेहको उहाँले सुनाउनुभयो । मुक्तिनाथ जाने बाटोमा उक्त धाम पर्ने भएकाले पनि मुक्तिनाथ क्षेत्रमा पुग्ने लाखौ धार्मिक पर्यटक त्यहाँ पुग्ने विश्वास अध्यक्ष केसीको छ । धाम निर्माणका लागि गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयबाट विस्तृत आयोजना प्रतिवेदन तयार गरिसकिएको छ। यसअनुसार ७० मिटर लम्बाइ र ५० मिटर चौडाइ क्षेत्रफलमा हनुमानको मूर्ति रहने जनाइएको छ । डोमबाट ६४ फिट उचाइमा हनुमानको मूर्ति रहने छ । मूर्तिसहित राम-सीताको मन्दिरलगायतका संरचना निर्माण गरिने जनाइएको छ।

सो अवसरमा नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति एवं स्थानीयबासी शुक्रराज शर्माका अनुसार महाबली हनुमानले लक्ष्मणलाई बचाउनका लागि कालाञ्जर पर्वतबाट सञजीवनी बुटी ल्याउने क्रममा यस स्थानमा टेकेको विश्वास गरिन्छ । यहाँस्थित शिलामा हनुमानका पाइला रहेको विश्वास गरिन्छ।

यहाँ हनुमतधाम निर्माण गरेसँगै यो गण्डकी प्रदेशको मात्र नभई समग्र नेपालको नै विशिष्ट धार्मिक पर्यटकीय गन्तव्य बन्ने उहाँले बताउनुभयो । धामसँगै यस स्थानमा हनुमत औषधालय, गुरुकूल आदि निर्माण हुने जानकारी सभापति शर्माले दिनुभयो । अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्ष युवराज कुँवरले धाम निर्माणसँगै यस क्षेत्रको पूर्वाधार निर्माणमा पहल गरिएको बताउनुभयो । उक्त धाम समुन्द्र सतहदेखि २ हजार एक सय मिटर उचाइरमा रहेको छ।

# तनहुँमा ९१ प्रतिशत जनसङ्ख्यालाई स्वच्छ खानेपानीको सुविधा

**पोखरापत्र संवाददाता**
दमौली, २३ असोज

तनहुँका ९१ दशमलव १० प्रतिशत जनसङ्ख्यालाई स्वच्छ खानेपानी सुविधा पुगेको छ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका अनुसार जिल्लाका तीन लाख २१ हजार १५३ जनसङ्ख्यामध्ये दुई लाख ९२ हजार ५७० जनामा स्वच्छ खानेपानी सुविधा पुगेको हो।

कार्यालय प्रमुख शम्भुराज खनालले आधारभूत स्तरको खानेपानी पहुँच ५६ दशमलव ७१ प्रतिशत र मध्यमस्तरको खानेपानी पहुँच ३४ दशमलव ३९ प्रतिशत जनतामा पुगेको जानकारी दिनुभयो । घरघरमा स्वच्छ र पर्याप्त पानी उपलब्ध भएपश्चात् स्थानीय करेसाबारीमा तरकारी उत्पादन गर्न आयआर्जनमा जोडिएको उहाँको भनाइ छ । जिल्लामा गत आर्थिक वर्षमा दुई हजार ९२७ घरधुरीमा खानेपानी सुविधा विस्तार भएको छ । गण्डकी प्रदेश सरकारमार्फत दुई हजार २२१, सङ्घ सरकार ससर्त कार्यक्रममार्फत २२६ र विशेष अनुदानमार्फत ४८० घरधुरीमा खानेपानी सुविधा विस्तार गरिएको खनालले बताउनुभयो। अघिल्लो आर्थिक वर्ष २०८०/८० मा जिल्लाका दुई हजार घरधुरीमा खानेपानी सुविधा विस्तार गरिएको थियो। त्यस्तै आर्थिक वर्ष २०७९/८० मा दुई हजार १२८, आर्थिक वर्ष २०७८/७९ मा दुई हजार २९७, आर्थिक वर्ष २०७७/७८ मा चार हजार ३१७, आर्थिक वर्ष २०७६/७७ मा दुई हजार ३५४ र आर्थिक वर्ष २०७५/७६ मा एक हजार ९०४ घरधुरीमा खानेपानी सुविधा पुगेको खनालले बताउनुभयो । चालु आर्थिक वर्ष २०८२/८३ मा जिल्लाका चार हजार ३०० घरधुरीमा खानेपानी सुविधा विस्तार गर्ने लक्ष्य रहेको खनालको भनाइ छ। प्रदेश सरकारमार्फत दुई हजार, सङ्घ सरकार ससर्तमार्फत ८०० र विशेष अनुदानमार्फत एक हजार ५०० घरधुरीमा खानेपानी सुविधा विस्तार गरिने खनालले उल्लेख गर्नुभयो । कार्यालयले नयाँ खानेपानी आयोजनाहरूको माग, सर्वेक्षण, डिजाइन, खानेपानी आयोजनाको निर्माण कार्य कार्यान्वयन, आयोजनाको सामग्री निकासा, खानेपानी आयोजनाको निर्माणमा प्राविधिक सहयोग, आयोजनाको अनुगमन, निरीक्षण, सुपरिवेक्षण, आयोजनामा भए गरेका कार्यको मूल्याङ्कन तथा भुक्तानी लगायतका कार्य गर्दै आएको छ।

# तनहुँका स्थानीय तहद्वारा १५ किलोमिटर सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
दमौली, २३ असोज

जिल्लाका स्थानीय तहले एक वर्षमा १५ किलोमिटर सडक कालोपत्र गरेका छन् ।

गत आर्थिक वर्षमा जिल्लाका छ गाउँपालिकाले १५ दशमलव ६२ किलोमिटर सडक कालोपत्र गरेका हुन् । त्यस्तै ती पालिकाले ३८ दशमलव ५५ किलोमिटर सडकको नयाँ ट्र्याक खोलेका छन् ।

म्याग्दे गाउँपालिकाले एक वर्षको अवधिमा एक दशमलव पाँच किलोमिटर सडक कालोपत्र गरेको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी । त्यस्तै दुई दशमलव ५५ किलोमिटर सडकको नयाँ ट्र्याक खोलिएको छ भने तीन दशमलव एक किलोमिटर ग्राभेल गरिएको छ । सोही अवधिमा चार पक्की पुल निर्माण गरिएको अधिकारीले बताउनुभयो ।

व्यास नगरपालिकामा नौ किलोमिटर सडकको ट्र्याक खोलिएको छ। प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालका अनुसार पाँच दशमलव दुई किलोमिटर ग्राभेल, तीन दशमलव ९४ किलोमिटर कालोपत्र गरिएको छ एउटा पक्की पुल निर्माण गरिएको छ । ऋषिङ गाउँपालिकामा पाँच किलोमिटर सडकको ट्र्याक खोल्ने काम गरिएको प्रमुख प्रशासकीय अधिकृत अनिल अम्गाईले जानकारी दिनुभयो । उहाँका अनुसार १२ किलोमिटर सडक ग्राभेल गरिएको छभने एक किलोमिटर कालोपत्र गरिएको छ । त्यस्तै एउटा पक्की पुल निर्माण भएको उहाँले बताउनुभयो । बन्दीपुर गाउँपालिकामा १८ किलोमिटर सडकको ट्र्याक खोलिएको प्रमुख प्रशासकीय अधिकृत कमलबहादुर केसीले जानकारी दिनुभयो। तेह्र किलोमिटर सडक 'ग्राभेल' गरिएको बन्दीपुरमा चार किलोमिटर सडक कालोपत्र गरिएको उहाँले बताउनुभयो।

घिरिङ गाउँपालिकामा एक दशमलव दुई किलोमिटर सडकको ट्र्याक खोलिएको प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार दुई दशमलव पाँच किलोमिरट सडकको ग्राभेल गरिएको छ भने एक किलोमिटर सडक कालापत्रे गरिएको छ । आँबुखैरेनी गाउँपालिकामा चार दशमलव ६३ किलोमिटर सडक कालोपत्र गरिएको छभने दुई दशमलव आठ किलोमिटर ट्र्याक खोलिएको प्रमुख प्रशासकीय अधिकृत चन्द्रकान्त तिमिल्सिनाले जानकारी दिनुभयो।

# नेपाल भियतनामसँग पराजित

**रासस**
काठमाडौं, २३ असोज

एएफसी एसियन कप छनोट प्रतियोगिताअन्तर्गत तेस्रो चरणको आफ्नो तेस्रो खेलमा नेपाल भियतनामसँग पराजित भएको छ।

भियतनाको हो चिमिन सहरको गो डाउ रङ्गशालामा बिहीबार भएको खेलमा भियतनामसँग नेपाल ३-१ गोलअन्तरले पराजित भएको हो । जितसँगै भियतनाम ३ खेलबाट दुई जितसहित ६ अङ्क जोड्दै समूह 'एफ' मा दोस्रो स्थानमा उक्लिएको छ । मलेसिया ९ अङ्कसहित शीर्ष स्थानमा छ।

लाओसले ३ अङ्क जोडेको छ भने नेपाल तीनै खेलमा पराजित हुँदै अङ्कविहीन छ । नेपालले यसअघि मलेसियासँग २-० र लाओससँग २-१ गोलको हार बेहोरेको थियो । भियतनामको जितमा नुगुएन टिएन लिङ, फाम जुआन मान्ह र नुगुएन भान भीले एक/एक गोल गरे।

# कार्तिक कृष्ण प्रतिपदाः हाँडीगाउँमा जात्रा हेर्नेको लर्को

**रासस**
काठमाडौं, २३ असोज

'कहीँ नभएको जात्रा, हाँडीगाउँमा' भन्ने उखान नेपाली जनजिब्रोमा प्रचलित छ। यही अर्थात् चोक्काथुनारायणको जात्रा हेर्न यतिबेला हाँडीगाउँ क्षेत्रमा दर्शकको घुइँचो छ।

काठमाडौं महानगरपालिका-५ स्थित हाँडीगाउँ क्षेत्रमा प्रदर्शन गरिने यो जात्रा हेर्न धेरै मानिस हाँडीगाउँ क्षेत्रमा जम्मा भएका छन् । प्रत्येक वर्ष कोजाग्रत पूर्णिमापछि गरिने यो जात्रा यस क्षेत्रको प्राचीन मौलिक संस्कृतिका रुपमा मानिँदै आएको छ। यो जात्रालाई तीननारायण एवं 'कहीँ नभएको जात्रा हाँडीगाउँमा' समेत भनिन्छ। देशका अन्य स्थानमा हुने जात्रा खटको गजुर उल्टो नपारी गरिने र यहाँको नारायण जात्रा भने उल्टो पारेर गरिने भएकाले कहीँ नभएको जात्रा भन्ने गरिएको हो । चोकेटनारायण समेत भनिने चोक्काथुनारायणको नाममा गुठी जग्गा समेत राखी जात्रा चलाउने व्यवस्था गरिएको थियो । गुठी संस्थानको लगतमा चोक्काथुनारायण एवं तीननारायणका नाममा गुठी जग्गा राखिएको उल्लेख छ। मन्दिरको ढोकामा रहेको नेवारी भाषाको अभिलेख अनुसार राजा नरेन्द्र मल्लको पालादेखि यो जात्रा सुरु भएको हो। चोक्काथुनारायणको मन्दिर बूढानीलकण्ठबाट ल्याई यहाँ स्थापना गरिएको 'हाँडीगाउँः एक परिक्रमा' पुस्तकका लेखक एवं यस क्षेत्रको सांस्कृतिक परम्पराका बारेमा अध्ययन गरिरहनुभएका यज्ञनाथ आचार्यले' जानकारी दिनुभयो।

जात्रा सुरु भएका सम्बन्धमा एउटा किम्बदन्दी प्रचलित छ । जनश्रुतिअनुसार मध्यकालमा हाँडीगाउँमा दुई दिदीबहिनी थिए । दिदी भगवान्प्रति पूर्णरुपमा आस्था राख्थिन् भने बहिनी घमण्डी हुनुका साथ भगवान्प्रति पनि उनको आस्था थिएन । विवाहपछि दुवै दिदीबहिनी गर्भवती भए । दिदीले समयमै बच्चा जन्माइन् । बहिनीको गर्भ रहेको बाह्र वर्षसम्म पनि बच्चा जन्मिएन । बहिनीले श्रीमान्सहित नारायणको आराधना गरिन्। सपनामा बूढानीलकण्ठ नजिकको पहाडमा रहेको नारायणको मूर्ति ल्याई उल्टो छाताकारका तीन खटको जात्रा चलाउनु तब तिमीहरुको उद्धार हुनेछ भन्ने आज्ञा प्राप्त भयो । गर्भ रहेको बाह्र वर्षसम्म बच्चा नजन्मिएको दम्पतीले त्यसबेलाका राजा नरेन्द्र मल्लसँग गुहार मागे । राजआज्ञा बमोजिम तान्त्रिकहरु धिमे बाजा बजाई रङ्गी बिरङ्गी लुगा लगाएर बुढानीलकण्ठ नजिकको पहाडमा गए। मैनको फूल चढाई नारायणको आराधना गरे । चोक्काथुनारायण (तीननारायण) जात्राको परम्परा चलाउने वचन दिए । नारायणलाई हाँडीगाउँ ल्याई यहाँका जनतालाई पर्ने दुःख तथा पीडालाई अन्त गर्न भनी चोक्काथुनारायण (तीननारायण) मन्दिर स्थापना गरे। यसै बेलादेखि जात्राको पनि सुरुआत भयो। मन्दिर स्थापना भएपछि प्रशव वेदनाको समयमा नारायणको मूर्तिमा तेल लगाउँदा वा जात्राको समयमा प्रयोग हुने मैनको फूल सिरानीमा राख्नाले वेदना कम हुने गरेको स्थानीयवासीको अनुभव छ। नारायणको शिरमा तेल खन्याउँदा दायाँतर्फबाट तेल खसे छोरा र बायाँतर्फबाट तेल खसे छोरीको जन्म हुन्छ भन्ने धारणा अहिले पनि रहेको सांस्कृतिक अन्वेषक आचार्यले सुनाउनुभयो।

नारायणको जात्रा कमलासनको तीन खट (बाबु, आमा, छोरा) बनाई खटको गजुरलाई उल्टो पारी घुसारेर तीन टोल घुमाई गजुर घुसारेको स्थानमा पूजा गरिन्छ। यो जात्रामा पाँच जनाले धिमेबाजा बजाउनुपर्ने र ३० जनाले खट बोक्नुपर्ने प्रचलन छ। जात्रा हेर्न हाँडीगाउँ क्षेत्रका सबै गुठियार जम्मा हुनुपर्ने नियम रहेको जनाइएको छ।

# अन्नपूर्ण आधारशिविरमा धेरै पर्यटक आएपछि...

**रासस**
म्याग्दी, २३ असोज



मौरिस हर्गोज पदमार्ग र अन्नपूर्ण आधार शिविरमा रहेका होटल तथा रेष्टुरेष्टको क्षमता भन्दा बढी सङ्ख्यामा पर्यटक आएपछि व्यवस्थापन गर्न समस्या भएको छ।

आठ हजार ९१ मिटरको अन्नपूर्ण हिमालको फेदीमा पुग्ने आरोहण गर्ने आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ को भूगोलमा पर्छ । पदमार्ग तथा आधार शिविरका टेन्ट र आश्रय स्थलको भवनमा एक दिनमा ५० जना सम्म बास बस्ने क्षमता रहेको छ । दैनिक एक सय ५० जना भन्दा बढी पर्यटकहरू आउन थालेपछि आवास ब्यवस्थापनमा कठिनाई भएको अन्नपूर्ण -४ का वडा सदस्य श्याम पुर्जाले बताउनुभयो । "अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामा पर्ने भएकाले पक्की संरचना बनाउने अनुमति नपाइने भएकाले गाउँपालिकासँग समन्वय गरेर गत बसन्त यामदेखि टेन्ट टाँगेर पर्यटकलाई खाने, बस्ने व्यवस्था मिलाइएको छ," उहाँले भन्नुभयो "क्षमता भन्दा तीन गुणा बढी पाहुनाहरू आउन थालेपछि समस्या भएको हो।"

फुतफुते झरनामा चिया पसल, साधीखर्क, गुफाँफाँट, भुसकेट र अन्नपूर्ण आधार शिविरको पञ्चकुण्ड ताल परिसरमा स्थानीयबासीले गत बैशाख महिनादेखि स्थायी संरचना बनाएर पाहुनालाई खाना, खाजा खुवाउने र सुत्के व्यवस्था मिलाएका छन्। अपेक्षा गरेको भन्दा धेरै संख्यामा पर्यटक आएकाले व्यवस्थापनका लागि टेन्टको संख्या थप गर्न लागिएको पुर्जाले बताउनुभयो।

होटल तथा लजको सुविधा नभएकाले यसअघि खाना, खाजाका परिकार, भाँडाकुँडा, ग्यास, लत्ताकपडालगायत समान आफैँले व्यवस्था गर्नुपर्ने समस्या थियो। आधार शिविरको भ्रमण गरेर आउनुभएका बेनीका सन्दिप खत्रीले तीन जनाको क्षमता भएको टेन्टमा सात जना सुत्नुपरेको बताउनुभयो।

मानव बस्तीदेखि टाढा रहेको उक्त क्षेत्रमा सञ्चार, विद्युत अभाव र आवास व्यवस्थापनमा समस्या भएको उहाँले बताउनुभयो । अर्का पदयात्री बिशाल खत्रीले भुसकेतदेखि आधार शिविर सम्मको तीन घण्टाको पदमार्गमा संकेत चिन्हहरूको आवश्यकता महशुस गरेको अनुभव सुनाउनुभयो।

मिस्त्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमशृखला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै अन्नपूर्ण आधार शिविरमा पुग्न सकिन्छ । नारच्याङ देखि दुई घण्टा गाडीमा यात्रा गरेपछि पुगिने हुमखोला देखि दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ। छोटो यात्रामा पुग्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर पर्यटकको रोजाईमा परेको छ । शान्त र एकान्त वातावरण, वन्यजन्तु, पंक्षी, जंगल, अग्ला पहाडको खोच, फुतफुते झरना, अन्नपूर्ण हिमालको फेदीमा रहेको निलो रङगको पञ्चकुण्ड ताल आधार शिविरको आकर्षण हो। पचहत्तर वर्षअघि फ्रान्सका मौरिस हर्गोजले अन्नपूर्ण हिमाल आरोहणका लागि प्रयोग गरेको बाटो पछ्याउदै वि.स. २०६७ मा नारच्याङका तेज गुरुङको अगुवाईमा पहिचान भएको यो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले वि.स. २०७७ मा मौरिस हर्गोज नामारण गरि खुलाएको थियो । अन्नपूर्ण गाउँपालिकाले आश्रयस्थल, सार्वजनिक शौचालय, खानेपानी निर्माण, पदमार्ग मर्मत र समुन्द्रि सतहदेखि चार हजार एक सय मिटर उचाईमा रहेको आधार शिविरमा खुल्ला संग्रहालय स्थापना गरेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को रु. पाँच लाख सहयोगमा 'रेड वाटरफल' र सुनखोलामा काठको पुल निर्माण भएको र थप पुर्वाधार निर्माणका लागि पहल गरेको वडा अध्यक्ष लोकबहादुर फगामीले बताउनुभयो।



धवलागिरि हिमाललाई पृष्ठ भूमिमा पारेर सेल्फी लिँदै पर्यटक : अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ पुनहिल पुगेका विदेशी पर्यटक धवलागिरि हिमाललाई पृष्ठ भूमिमा पारेर सेल्फी लिँदै। यतिबेला पुनहिललगायत अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने गन्तव्यस्थलमा पर्यटकको चहलपहल बढेको छ। तस्बिरः राम थापा/रासस

# दसैँपछि मुस्ताङ भन्सार सञ्चालनमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ असोज

गत भदौ ३१ गतेदेखि पूर्णरूपमा सञ्चालनमा आएको उत्तरी कोरलानाकास्थित न्हेचुङको भन्सार कार्यालय दसैं पछि आजदेखि सञ्चालनमा आएको छ। गत असोज १३ गते कर्मचारी दसैं मनाउन घर गएपछि कार्यालय बन्द थियो।

कार्यालयमा निकासी तथा पैठारीकर्ता मालवस्तु धनीका अख्तियार प्राप्त प्रतिनिधि उपस्थित नहुँदा मालवस्तु जाँचपासलगायतका काम सुरु नभएको भन्सार प्रमुख रमेश खड्काले जानकारी दिनुभयो।

दसैँमा बिदा हुँदा चीनबाट आयात गरिएका मालवस्तु तथा विद्युतीय कार न्हेचुङ भन्सारमा जाँचपासका लागि रोकिएका छन् । नाकाबाट मालवस्तु आयात गरी मालवाहक र विद्युतीय कारहरू जम्मा भएको सूचना प्राप्त भएको भन्सार प्रमुख खड्काले बताउनुभयो।

कोरलानाकाबाट दसैं अघिसम्म रु दुई अर्ब दुई करोड ९६ लाख राजस्व सङ्कलन भएको थियो। त्यस अवधिसम्म कोरलानाकाबाट भित्रिएका एक हजार १०९ वटा विद्युतीय कारमध्ये ९६५ वटा विद्युतीय कारको भन्सार जाँचपास भई गन्तव्यमा पुगिसकेका छन्।

यसैगरी चिनियाँ मालवस्तु ढुवानी गरिएका ३७५ वटा मालवाहकको भन्सार जाँचपास भएको छ । यसअघि यहाँको मुस्ताङ भन्सार कार्यालय उपल्लो मुस्ताङका नागरिकका लागि मात्रै खुल्ला हुँदा थोरै मात्र राजस्व सङ्कलन हुने गरेको थियो । गत साउन, भदौमा रसुवागढी र तातोपानी नाका बाढीपहिरोका कारण अवरुद्ध भएपछि भन्सार विभागले कोरलानाकालाई प्रयोगमा ल्याएको हो।

# मादले काँक्रोखेतीतर्फ आकर्षण बढ्दै

**रासस**
दमौली, २३ असोज



यहाँको आँबुखैरेनीका कृषक मादले काँक्रोखेतीतर्फ आकर्षित हुन थालेका छन्।

पछिल्लो समय मादले काँक्रोले बजार पाउन थालेपछि कृषक यसतर्फ आकर्षित भएका हुन् । यसपटक मात्रै यहाँका छवटा कृषक समूहमा आबद्ध कृषकले काँक्रो बिक्री गरी रु छ लाख ३५ हजार आम्दानी गरेका छन्। ाचचचाचाचाचआँबुखैरेनी गाउँपालिका-५लाब्दीभोटेश्वाराका वीरबहादुर गुरुङले काँक्रो उत्पादन र बजारीकरणमा गाउँपालिकाले सहयोग गरेपछि आम्दानी बढेको बताउनुभयो । उहाँले यस वर्ष आफूले पनि काँक्रो बिक्री गरी रु ४० हजार ५०० आम्दानी गरेको बताउनुभयो । गुरुङले ५० बोट काँक्रोका बिरुवा लगाउनुभएको छ । "बजार नपाउँदा विगतमा काँक्रो कुहिएर जाने गरेको थियो। हाल बजार राम्रै छ",उहाँले भन्नुभयो, "गाउँपालिकाले हाम्रो उत्पादन हाटबजारसम्म निःशुल्क ढुवानी गरिदिएको छ, त्यसकारण सहज रूपमा काँक्रो बिक्री भइरहेको छ। यसले हामीलाई निकै सहज भयो।" सोही ठाउँका जितबहादुर गुरुङले रु ३० हजार ५००, तुलबहादुर गुरुङले रु १२ हजार ५००, सङ्गीता गुरुङले रु ४५ हजार ५००, लालश्री गुरुङले रु ४५ हजार ५००, तेजबहादुर गुरुङले रु २० हजार ५००, डिलुमाया गुरुङले रु १२ हजार ५००, रत्नमाया गुरुङले रु १४ हजार ५००, सीता गुरुङले रु नौ हजार ५००, रजमाया गुरुङले रु दश हजार ५००, फूलमाया गुरुङले रु ३५ हजार ५००, धनमाया गुरुङले रु १५ हजार ५००, खड्क गुरुङले रु ५० हजारको मादले काँक्रो बिक्री गर्नुभएको छ। छिम्केश्वरी कृषक समूहमा आबद्ध यीलगायत कृषकले मात्रै रु चार लाख तीन हजार बराबरको मादले काँक्रो बिक्री गरेको कृषक जितबहादुर गुरुङले जानकारी दिनुभयो । आँबुखैरेनीमा प्रत्येक सोमबार र शुक्रबार लाग्ने हाटबजारमा आफूहरूले उत्पादन गरेको मादले काँक्रोले राम्रो बजार पाएको उहाँले सुनाउनुभयो । "गाउँपालिकाले जति उत्पादन भए पनि बजारीकरणमा सहयोग गर्ने प्रतिबद्धता जनाएपछि हामी ढुक्क छौं । यसले कृषकलाई आकर्षित गरेको हो", गुरुङले भन्नुभयो।

गाउँपालिकाका कृषि शाखाप्रमुख सन्तोष केसीले यहाँका कृषकले करिब पाँच हजार ५०० केजी मादले काँक्रो उत्पादन गरी बिक्री गरेको जानकारी दिनुभयो । उहाँका अनुसार छिम्केश्वरी कृषक समूहका कृषकले रु चार लाख तीन हजार, घलडाँडा कृषक समूहका कृषकले रु एक लाख नौ हजार, केउरिनी कृषक समूहका कृषकले रु ७६ हजार, माई छिम्केश्वरी कृषक समूहका कृषकले रु १८ हजार, खोलागाउँ कृषक समूहका कृषकले रु तीन हजार, एकता कृषक समूहका कृषकले रु २६ हजार बराबरको काँक्रो बिक्री गरेका छन्। यसबाट ४४ जना कृषक लाभान्वित भएका छन्।

केसीका अनुसार आँबुखैरेनी गाउँपालिका-५ र ६ मा धेरैले काँक्रोखेती गरिरहेका छन्। विगतमा विभिन्न जटिलतासँगै रोग कीराको प्रकोप, प्राविधिक ज्ञान र बजार समस्याका कारण सोचेअनुरुप उत्पादन हुन सकिरहेको थिएन। गाउँपालिकाले मादले काँक्रोलाई रैथाने बालीका रूपमा राखेर प्रवर्द्धनमा सहयोग गरेपछि केही समस्या समाधान भएको केसीको भनाइ छ।

उहाँले भन्नुभयो, "यस वर्ष दुई वडाका ४४ जना कृषकले पाँच दशमलव पाँच मेट्रिक टन काँक्रो उत्पादन गरेर बिक्री गर्न सफल हुनुभयो। विगतमा उत्पादन भए पनि बजारीकरण मुख्य समस्याका रूपमा थिया । हाटबजारबाट यसको बजारीकरण हुँदा कृषक उत्साहित हुनाका साथै उत्पादन बढाउन प्रोत्साहित हुनुभएको छ।" आँबुखैरेनी गाउँपालिका-२ मा प्रत्येक सोमबार र आँबुखैरेनी गाउँपालिका-३ मा प्रत्येक शुक्रबार हाटबजार लाग्ने गरेको छ । गाउँपालिकाभित्रका सबै कृषकले आफूले उत्पादन गरेका सामग्री यहाँ ल्याएर बिक्री गर्ने गर्छन्।


HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १६१०००१६७१ | सरस्वती बस्ताकोटी | कास्कीकोट ८, कास्की |
| २ | GLI ०६१००१६८८१ | रिखी राम अधिकारी | पुतलीबजार ७, स्याङ्जा |


# उब्जाउ जमिन नासिँदै, कृषि उत्पादन घट्दै

**पोखरापत्र संवाददाता**
गण्डकी, २३ असोज

कृषियोग्य जग्गाको खण्डकीकरण र जग्गा बाँझो छाड्ने प्रवृत्तिका कारण गण्डकी प्रदेशमा धानलगायत मुख्य खेतीबालीको उत्पादनमा कमी आएको छ।

उब्जाउ जमिनमा भइरहेको तीव्र बस्ती विस्तार र ठूला पूर्वाधार विकासका गतिविधिले पनि कृषि उत्पादनमा ह्रास ल्याएको हो। प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका अनुसार धानखेतीको क्षेत्रफल बर्सेनि घट्दो क्रममा देखिएको छ । आव २०७९/८० मा ९७ हजार ७६९ हेक्टरमा धानखेती गरिएकामा गत वर्ष रोपाइँको क्षेत्रफल घटेर ९६ हजार ५३ हेक्टर पुगेको थियो । यस वर्ष ९४ हजार १८२ हेक्टरमा धान रोपाइँ भएको मन्त्रालयका सचिव वासुदेव रेग्मीले बताउनुभयो । "बर्सेनि औसत दुई हजार हेक्टरले रोपाइँको क्षेत्रफल घटिरहेको छ", उहाँले भन्नुभयो, "घरघडेरीका नाममा उब्जाउ जमिन नासिँदै जाँदा यो समस्या आएको हो।" कृषिमा घट्दो आकर्षण, पहाडी भेगमा बढ्दो बसाइँसराइ, वैदेशिक रोजगारीप्रति आकर्षण, कृषि जनशक्तिको अभाव आदि कारणले खेतीयोग्य जमिन बाँझो रहन पुगेको सचिव रेग्मीको भनाइ छ। पहाडी जिल्लामा हिउँदे बाली विस्तार तथा प्रवर्द्धनका लागि किसानलाई अनुदानलगायत प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिएको उहाँले बताउनुभयो।

हिमालपारिको जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा बर्खे र चैते धानखेती हुँदै आएको छ । यहाँका अन्य मुख्य खाद्यान्न बालीमा मकै, कोदो, फापर, जौलगायत हुन् । बर्खे र चैते गण्डकीमा झन्डै एक लाख हेक्टरमा धानखेती हुने गरेको सचिव रेग्मीले बताउनुभयो । नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धान खेतीको क्षेत्रफल बढी छ । धानखेतीका लागि गोरखाको छेवेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानको पकेट क्षेत्र हुन्। पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैंडाकोटलगायतलाई धानका पकेट क्षेत्र तोकिएको छ।

गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानखेती गरिन्छ । धानखेतीको क्षेत्रफल घट्दै गए पनि धानको उत्पादकत्व भने वृद्धि भइरहेको सचिव रेग्मीले बताउनुभयो । दुई वर्षअघि प्रतिहेक्टर तीन दशमलव छ मेट्रिक टन धान उत्पादन भएकामा गत वर्ष बढेर प्रतिहेक्टर तीन दशमलव ७३ मेट्रिक टन धान उत्पादन भएको थियो। अनुकूल मौसम, रासायनिक मलको उपलब्धता, धानमा प्रकोपजन्य रोग नलाग्नु, सिँचाइ सुविधा, उन्नत बीउबिजन आदि कारणले धानको उत्पादकत्व वृद्धि भएको हो । "सिँचाइ, खेती प्रणालीमा सुधार, रोककिरा नियन्त्रण, उन्नत बीउ, प्रविधि र मल व्यवस्थापन बेलैमा हुन सके किसानले थोरै क्षेत्रफलमा पनि धेरै धान फलाउन सक्छन्", सचिव रेग्मीले भन्नुभयो, "तुलनात्मक रुपमा हेर्दा धानखेतीको क्षेत्रफल धेरे घटेको छैन, रोपाइँ हुने खेत कमै मात्र बाँझो देखिन्छ, अन्य खाद्यान्न बालीको भने क्षेत्रफल र उत्पादकत्व दुवै घट्दो क्रममा छ।" व्यावसायिक कृषि उत्पादनमा जोड दिन सकेमा बाँझो जग्गाको सदुपयोग हुने उहाँको भनाइ छ। त्यसका लागि गण्डकी प्रदेशका २९ स्थानमा चक्लाबन्दी खेतीसमेत सुरु गरिएको मन्त्रालयले जनाएको छ । प्रदेश सरकार स्थापना भएयता छ जिल्लाका २९ स्थानमा कुल पाँच हजार ४९६ खेतीयोग्य भूमिको चक्लाबन्दी गरिएको मन्त्रालयको आँकडाले देखाएको छ। मन्त्रालयको भूमि स्रोत नक्साङ्क महाशाखाका अनुसार कास्की, तनहुँ, बागलुङ, मुस्ताङ, स्याङ्जा र नवलपुरमा चक्लाबन्दी खेती गरिएको हो।

चक्लाबन्दी गरिएको जग्गामा कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि १० वटा समूह/सहकारीलाई यन्त्र, उपकरण खरिदमा समेत सहयोग गरिएका उक्त महाशाखाले जनाएको छ । छरिएर रहेको कृषियोग्य भूमिलाई एकीकरण गरी कृषिक्षेत्रको आधुनिकीकरण र यान्त्रीकरणमार्फत उत्पादन लागत घटाउन जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालनमा ल्याइएको हो।

लागत अनुमानका आधारमा चक्लाबन्दीका लागि ९० प्रतिशतसम्म अनुदान मन्त्रालयले दिएको छभने १० प्रतिशत किसानको लगानी छ । वर्षौंदेखि बाँझो रहेका जग्गामा समेत चक्लाबन्दीपछि व्यावसायिक खेती गर्न थालिएको छ।